खत्याड गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

रामतडी, मुगु

कर्णाली प्रदेश, नेपाल

खत्याड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रामतडी, मुगु कर्णाली प्रदेश, नेपाल

## सेवा करारमा पदपुर्ति सम्बन्धी सूचना।

सूचना नं. ०६/२०८२/०८३

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/२८)

खत्याड गाउँपालिका/जलबायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अन्तर्गत परियोजनाका क्रियाकलापहरु उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाइ तथा स्वच्छता, खानेपानी, सिँचाइ र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्न खत्याड गाउँपालिका परियोजना कार्यान्वयन इकाईका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट तपसिल बमोजिमका पूर्णकालीन/अल्पकालीन पदहरूको लागि रितपूर्वक दरखास्त फारम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरू:**

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको दस्तखत सहितको),
- नागरिकताको प्रमाण-पत्र , शैक्षिक योग्यताको प्रमाण-पत्र, तालिम सम्बन्धी प्रमाण-पत्र तथा कार्यानुभव प्रमाण-पत्रहरूको प्रतिलिपि,
- अपाङ्गता भएमा परिचय पत्रको प्रतिलिपि, विभिन्न जातिको साझा थरको हकमा जातियता प्रमाणित प्रमाण-पत्रको प्रतिलिपि

**तपसिल:**

क) आवश्यक पदहरू र न्यूनतम योग्यता:

| वि.नं | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षिक योग्यता तथा कार्यानुभव |
|---|---|---|---|---|
| ०१-०८२/८३ | लक परियोजना अधिकृत | अधिकृत स्तर छैठौं तह /१ जना | गाउँ कार्यपालिकाको कार्यालय | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम ५ (पाँच) वर्षको अनुभव प्राप्त। |
| ०२-०८२/८३ | सब-ईन्जिनियर | सहायक स्तर पाँचौ तह /१ जना | गाउँ कार्यपालिकाको कार्यालय | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रविणता प्रमाण-पत्र/ डिप्लोमा उत्तीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम ३ (तीन) वर्षको अनुभव प्राप्त। |
| ०३-०८२/८३ | असिस्टेन्ट सब-इन्जिनियर/ जलस्रोत प्राविधिक | सहायक स्तर चौथो तह/१ जना | वडा कार्यालय वा योजना क्षेत्र | - सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यता प्राप्त शिक्षण संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खा.पा.स.टे. तालिम प्राप्त।<br>- खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्ग वा |

प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | | अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ (दुइ) वर्षको अनुभव प्राप्त। |
| ०४-०८२/८३ | प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता | सहायक स्तर पाँचौं स्तर १ जना | गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालय वा योजना क्षेत्र | - कृषि वा वनमा प्रवीण डिप्लोमा<br>- वन,कृषि वन, प्राकृतिक स्रोत व्यवस्थापन तथा जीविकोपार्जन सम्बन्धि गतिविधिहरूको योजना तर्जुमा र कार्यान्वयनमा कम्तीमा ३ वर्षको अनुभव। |
| ०५-०८२/८३ | सामाजिक परिचालक | सहायक स्तर चौथो तह/१ जना | वडा कार्यालय वा योजना क्षेत्र | - एस. इ. इ./एस. एल. सी. वा सो सरह ।<br>- खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास, सामाजिक परिचालन,योजना तर्जुमा आदि कार्यमा कम्तीमा २(दुइ) वर्षको अनुभव प्राप्त। |

क) अन्य विवरणः

- पहिलो पटक सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र आवेदन खत्याड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय रामतडी, मुगु मा कार्यालय समयभित्र बुझाउनुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाण-पत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाण-पत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाण-पत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैन।
- कर्मचारीहरू कार्य सम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादनको आधारमा नवीकरणको सम्भावना सहित) नियुक्त गरिनेछ ।
- स्थानीय व्यक्तिहरू, महिला, दलित तथा पछाडी परेका जातीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।
- बिज्ञापन प्रक्रियामा प्राप्त भएका आवेदनहरूलाई खत्याड गाउँपालिकाको कार्यालयले कुनै कारण खुलाई वा नखुलाई स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
- लिखित परीक्षा तथा अन्तर्वार्ता दुबै सञ्चालन गरिनेछ । छोटो सूचीमा परेका उम्मेद्वारहरूको लागि लिखित परीक्षाको तालिका गाउँपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ ।
- बिज्ञापनका प्रत्येक पदको सेवा शर्तहरु (ToR) र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न पालिकाको वेभ पेज https://khatyadmun.gov.np र जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजनाको वेभ पेज www.laccp.org.np बाट डाउनलोड गर्न सकिनेछ । तोकिएको ढाँचा (नेपाली वा अंग्रेजि मध्य एक) बाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुरः- अधिकृतस्तरको लागि रु १५००/-(अक्षेरुपी पन्ध्र सय रुपैया मात्र मात्र), सहायक पाँचौ तहको लागि रु १०००/-(अक्षेरुपी एक हजार रुपैंया मात्र) र सहायक चौथो तहको लागि रु ७००/-(अक्षेरुपी सात सय रुपैया मात्र) । दरखास्त दस्तुर माछापुच्छ्रे बैंक लिमिटेड, खत्याड शाखा, मा रहेको खत्याडगाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०७२००६५८१८०००००८३ मा दाखिला गरि सो को सक्कल भौचर आवेदन साथ अनिवार्य पेश गर्नुपर्ने छ ।
-

..............................
२०८२।११।२८

नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत